# डाक्नेश्वरी नगरपालिका

## डाक्नेश्वरी नगरपालिकाको विनियोजन विधयेक २०७७

स्वीकृत मिति: २०७७।०३।१०

**डाक्नेश्वरी नगरपालिका**

**पाता, सप्तरी**

# डाक्नेश्वरी नगरपालिकाको विनियोजन विधयेक २०७७

## डाक्नेश्वरी नगरपालिकाको आर्थिक बर्ष २०७७/०७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधयेक २०७७

नगरसभाबाट स्वीकृत मितिः २०७७।०३।

**प्रस्तावना**

डाक्नेश्वरी नगरपालिकाको आर्थिक बर्ष २०७७।७८ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम डाक्नेश्वरी नगरसभाले यो विधयेक बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१)यस ऐनको नाम **"डाक्नेश्वरी नगरपालिका विनियोजन ऐन, २०७७"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा

क. नगरसभा भन्नाले डाक्नेश्वरी नगरपालिकाको सभालाई संभ्फनु पर्दछ ।

ख. कार्यपालिका भन्नाले डाक्नेश्वरी कार्यपालिकालाई संभ्फनु पर्दछ ।

ग. वडा समिति भन्नाले डाक्नेश्वरी नगरपालिकाको वडा समिति संभ्फनु पर्दछ ।

घ. विषयगत शाखा भन्नाले डाक्नेश्वरी नगरपालिका अन्तर्गतको शाखा, आयोजना सचिवालय, इकाई, कार्यालय तथा प्रशासनिक इकाईलाई समेत संभ्फनु पर्दछ ।

ङ. संचित कोष भन्नाले डाक्नेश्वरी नगरपालिकाको संचित कोषलाई संभ्फनु पर्दछ ।

३. **आर्थिक वर्ष २०७७।७८को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**ः

(१) आर्थिक वर्ष २०७७।७८ को डाक्नेश्वरी नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च रु.९९७०७००० ।-(नौ करोड सन्तानव्वे सात हजार मात्र) तथा पूँजिगत खर्च रु.२८५८९३०००।०० (अक्षेरुपी अठाइस करोड अन्ठावन लाख तेरानव्वे हजार मात्र) एवं सर्शत तर्फको जम्मा रु.२२५००००००।-(वाईस करोड पचास लाख मात्र)मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

४. **विनियोजनः** **(१)** यस ऐनद्वारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७।७८ को लागि डाक्नेश्वरी नगरपालिका, नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा कार्य कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविानको धारा २२९ (२) बमोजिम संचित कोषबाट खर्च हुने रकम (रुं हजारमा)

**चालु तर्फ**

| | | | |
|---|---|---|---|
| १ | **चालु खर्च** | ९९७०७००० | राजश्व |
| | **पुँजीगत कार्यक्रम तर्फ** | | |
| **संकेत** | **योजना तथा शिर्षकगत कार्यक्रम** | **विनियोजित रकम रू.** | **खर्च स्रोत** |
| | कोभिड १९ रोकथाम तथा उपचार कोष | १०००००००० | समानीकरण |
| | विपद व्यवस्थापन विशेष कोष | ३०००००० | समानीकरण |
| | अनुदान तथा आर्थिक विपन्न सहायता कोष | १५००००० | समानीकरण |
| | आकस्मिक कोष | ३०००००० | समानीकरण |
| | समपुरक कोष | ५०००००० | समानीकरण |
| २२२३१ | नगरपालिका भवन निर्माण | २५०००००० | समानीकरण |
| २९३११ | फर्निचर तथा फिक्चर्स | २०००००० | समानीकरण |
| | सवारी साधन | १०००००० | समानीकरण |
| | मेसिनरी औजार आदि | २०००००० | समानीकरण |
| २९६२१ | पुँजीगत सुधार खर्च सार्बजनिक निर्माण | २३१०९३००० | |
| २९७११ | पूजिगत अनुसन्धान तथा परामर्श | २०००००० | समानीकरण |
| | अन्य फिर्ता | २००००० | समानीकरण |
| | सावा, व्याज, ऋण तथा अन्य | १००००० | समानीकरण |
| | **पूजिगततर्फको जम्मा खर्च** | **२८५८९३०००** | |
| | **कुल चालु र पुँजीगत** | **३८५६००००** | |
| | **सशर्त तर्फ** | **२२५००००००** | |
| | **नेपाल सरकार समपुरक अनुदान** | | |
| | **कुल** | **६१०६०००००** | |

नेपाल सरकार, प्रदेश सरकार तथा अन्य निकायबाट प्राप्त हुने जुनसुकै प्रकारको खर्च सोही तोकिएको कार्यक्रममा तथा नगर कार्यपालिकाको निर्णय अनुसार खर्च गरिने गरी विनियोजनमा समावेश गरिनेछ ।